# वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यविधि–२०७७

**प्रस्तावना**ः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ बमोजिम स्थानीय सरकारमा रहेको क्षेत्राधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत दफा ११ को उपदफा (थ) मा व्यवस्था भएको बेरोजगारको तथ्याङ्क सङ्कलन साथै नेपालको संविधान २०७२ को अनुसूची ८ को (१७) बमोजिम स्थानीय तहलाई प्राप्त जिम्मेवारी पूरा गर्न तथा स्थानीय तहहरूले आफ्नो क्षेत्रका वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई आवश्यक सूचना तथा परामर्श सेवा दिन, वैदेशिक रोजगारबाट ठगीमा परेका, शारीरिक तथा श्रम शोषणमा परेका र मृत्यु वा गम्भीररूपमा अङ्गभङ्ग भएका आप्रवासी कामदार तथा उनका परिवारहरूलाई न्यायमा सहज पहूँच बढाउन, वैदेशिक रोजगारमा जानु पूर्व अनिवार्य निःशुल्क शिक्षा तथा सूचना प्रदान गरी वैदेशिक रोजगारमा रहँदा गर्नु पर्ने कामसँग सम्बन्धित सीपमा पहूँच बढाउन, वैदेशिक रोजगारका कारण मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनुका साथै रोजगारीका लागि पटकपटक वैदेशिक रोजगारीलाई नै दोहोऱ्याउनु पर्ने बाध्यता कम गरी आयमूलक गतिविधिहरूलाई प्रर्बद्धन गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी मन्थली नगर पालिकाको युवाहरूको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, लाभदायक र व्यवस्थित बनाउँदै स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गरी देशको युवा जनशक्तिलाई विदेश पलायन हुनबाट कमि ल्याउन वाञ्छनीय भएकोले **वैदेशिक रोजगार व्यवस्थापन** गर्न यो कार्यविधि २०७७ तयार गरी जारी गरिएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**ः १. यो कार्यविधिको नाम 'वैदेशिक रोजगार व्यवस्थापन कार्यविधि २०७७' रहने छ।

 २. यो कार्य विधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

३. **परिभाषा र व्याख्या** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमाः

 क. **ऐन भन्नाले**ः स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ।

 ख. **कार्यविधि भन्नाले**ः वैदेशिक रोजगार व्यवस्थापन कार्यविधि-२०७७ लाई सम्झनु पर्दछ।

 ग. **स्थानीय तह भन्नाले**ः मन्थली नगर पालिकालाई सम्झनु पर्दछ।

 घ. **अन्य स्थानीय तह भन्नाले**ः रामेछाप जिल्लाअन्तर्गत रहेका मन्थली नगरपालिका बाहेक रामेछाप नगरपालिका, खाँडादेवी गाउँ पालिका, सुनापति गाउँ पालिका, दोरम्बा शैलुङ गाउँ पालिका, लिखु तामाकोसी गाउँ पालिका, गोकुलगंगा गाउँ पालिका र उमाकुण्ड गाउँ पालिका गरी सातवटा स्थानीय तहलाई सम्झनु पर्दछ।

ङ. **शाखा भन्नाले**ः मन्थली नगर पालिकाको वैदेशिक रोजगार व्यवस्थापन शाखालाई सम्झनु पर्दछ।

च. **आप्रवासी स्रोत केन्द्र भन्नाले** ः सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्नका लागि मन्थली नगरपालिकाद्वारा जिल्ला प्रशासन कार्यालयमा सञ्चालित आप्रवासी स्रोत केन्द्रलाई सम्झनु पर्नेछ।

छ. **केन्द्र भन्नाले**ः काठमाडौँमा रहेर विशेष सेवा सञ्चालन गर्ने विभिन्न राष्ट्रिय स्तरका साझेदार संस्थाहरू र वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड तथा अन्य सरकारी निकायहरूलाई सम्झनु पर्दछ।

ज. **आप्रवासी हकहित संरक्षण केन्द्र भन्नाले**ः वैदेशिक रोजगारबाट फर्किएर आप्रवासी कामदारहरूको हकहित संरक्षणका लागि जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता भई क्रियाशील रहेको संस्थालाई सम्झनु पर्ने छ।

झ. **रिटर्नी स्वयम् सेवक भन्नाले**ः खाडीका देश तथा मलेसियमा कम्तिमा २ वर्ष रोजगारी गरी फर्किएका र हाल मन्थली नगरपालिकामार्फत् परिचालित स्वयम् सेवकहरूलाई सम्झनु पर्दछ।

२. **कार्य विधिको उद्देश्य**ः मन्थली नगर पालिकाबाट वैदेशिक रोजगारमा जान चाहने युवाहरूको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र लाभदायक बनाउनका लागि सहयोग पुऱ्याउन, वैदेशिक रोजगारमा सङ्लग्न व्यक्तिका परिवार तथा वैदेशिक रोजगारबाट र्फकेर आएका व्यक्तिहरूलाई लक्षित गरी सम्बन्धित कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्न यो कार्यविधि तयार गरीएको छ। त्यस्ता कार्यक्रमहरू तर्जुमा तथा सञ्चालन गर्दा मन्थली नगरपालिका स्वयम्ले वा अन्य स्थानीय तहहरू, प्रदेश सरकार, सङ्घीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरूसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ। वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा गरी आवश्यक बजेट व्यवस्थापन गरी सुशासन, पारदर्शी र जवाफदेही ढङ्गबाट कार्यक्रम सञ्चालन गर्नु यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ भने यसका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

क. सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित गतिविधिहरू (वैदेशिक रोजगारमा जाने व्यक्ति, तिनका परिवार र विदेशबाट फर्केर आएका व्यक्तिहरूलाई लक्षित गरी) लाई एकीकृत योजना तर्जुमा गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने।

ख. वैदेशिक रोजगारमा जाने व्यक्ति, तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिहरूलाई लक्षित गरी आप्रवासी स्रोत केन्द्र (MRC) स्थापना तथा सञ्चालन गरी आवश्यक सूचना तथा परामर्श सेवा सञ्चालन गर्ने।

ग. सुरक्षित वैदेशिक रोजगारीका लागि नगरपालिका स्वयम्ले योजना तर्जुमा र बजेट व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्ने।

घ. साझेदारिताका क्षेत्रहरूको पहिचान गरी योजना निमार्ण गर्ने र सो कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।

३. **रणनीति** : ३.१ः वैदेशिक रोजगारको क्षेत्र बहुसरोकारको विषय भएकोले यस क्षेत्रको व्यवस्थापनमा पनि सम्पूर्ण सरोकारवालाहरूको भूमिकालाई उत्तिकै महत्वका साथ निर्वाह भएको हुनेछ। त्यसको लागि योजना तर्जुमा, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा समीक्षामा सम्बन्धित सबैको अर्थपूर्ण सहभागितामा जोड दिइने छ। यस पालिका भित्रका विषयगत शाखाहरूमार्फत् योजनाहरू बनाउँदा वैदेशिक रोजगारमा गएका व्यक्ति, तिनका परिवार तथा फर्किएर आएका व्यक्तिसँग सम्बन्धित सवालहरूलाई सम्बोधन गरिने छ। यस क्षेत्रको प्रभावकारी व्यवस्थापन, न्यून लागत, स्रोत साधनको अधिकतम् उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा २६ को मर्मअनुसार आप्रवासी स्रोत केन्द्र सञ्चालन, जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास, अनुगमन जस्ता कार्यहरूमा अन्य पालिकाहरूसँग पनि सहकार्य गर्न सकिने छ।

- जिल्ला प्रशासन कार्यालय परिसरभित्र सुरक्षित वैदेशिक रोजगारका लागि आप्रवासी स्रोत केन्द्र (MRC) (सूचना केन्द्र) को स्थापना तथा सञ्चालन गरिने छ। उक्त केन्द्र मार्फत् विदेश जाने व्यक्ति, तिनका परिवार र विदेशबाट फर्केर आएका व्यक्तिहरूका लागि सुरक्षित वैदेशिक रोजगार सम्बन्धी निःशुल्क सूचना तथा परामर्श लगायतका सम्बन्धित सेवाहरू प्रवाह गरिने छ। यसको समग्र सञ्चालन तथा व्यवस्थापन मन्थली नगरपालिकाले गर्नेछ।
- उक्त केन्द्रमा अन्य स्थानीय तहका व्यक्तिहरूले पनि सुरक्षित वैदेशिक रोजगार सम्बन्धी निःशुल्क सूचना तथा परामर्श सेवा लिन सक्ने हुनाले यसको सञ्चालन तथा व्यवस्थापनमा अन्य स्थानीय तहहरूसँग पनि बजेट व्यवस्थापन, योजना तर्जुमा, गुणस्तरीयता र अनुगमन लगायतको क्षेत्रमा सहकार्य गर्न सक्ने छ।

३.१ः **सम्बन्धित विषयगत शाखा निर्धारण**ः स्थानीय शासन स्रोत पुस्तिका, २०७४ (८.५.८ विषय क्षेत्रगत योजना निर्माण तथा एकीकरण) अनुसार वैदेशिक रोजगारको क्षेत्रलाई आर्थिक विकास शाखा अन्तर्गत राख्न सकिने छ वा नगरपालिकाले आवश्यक ठानेमा नगर सभाको निर्णयअनुसार छुट्टै शाखा विस्तार गरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने छ। उक्त शाखाले अन्य शाखाहरूसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यन्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरू गर्नेछ। उक्त शाखाको संयोजकले नै यस शाखाको अध्यक्षता गर्नेछ।

४. **वैदेशिक रोजगार व्यवस्थापन समिति**ः वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न, अन्य स्थानीय तहहरू र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गर्न देहाय बमोजिमको वैदेशिक रोजगार व्यवस्थापन समितिको व्यवस्था गरीएको छ।

**अध्यक्षः** नगर प्रमुख

**उपाध्यक्ष** उप प्रमुख

**सदस्यहरूः** प्रमुख प्रशासकीय अधिकृत

आर्थिक विकास शाखा प्रमुख,

रोजगार संयोजक (प्रधानमन्त्री रोजगार कार्यक्रम),

जिल्ला प्रशासन कार्यालय प्रतिनिधि,

जिल्ला प्रहरी कार्यालय प्रतिनिधि,

आप्रवासी कामदार हकहित संरक्षण केन्द्र (सञ्जाल) को प्रतिनिधि,

**सदस्य–सचिव** : वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यक्रमको शाखा प्रमुख,

**आमन्त्रण वैदेशिक रोजगार** : व्यवस्थापन समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरूलाई आमन्त्रण गर्न सकिने छ।

४.१ **वैदेशिक रोजगार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरूलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयवनका लागि आवश्यक कार्य गर्ने, आप्रवासी स्रोत केन्द्र (MRC) को व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक कार्य गर्ने,

- सूचना तथा परामर्श सेवा प्रवाह तथा सम्बन्धित गतिविधि सञ्चालन सम्बन्धी निर्देशिका तयारीको लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गर्ने,
- आप्रवासी स्रोत केन्द्र तथा अन्य गतिविधिहरूको अनुगमन तथा समीक्षा गर्ने,
- अन्य विषयगत शाखा/समितिहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,
- नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वयमा अन्य स्थानीय तह र साझेदार निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने,
- आवधिकरूपमा साझेदारी बैठक बसी सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा गरी थप प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्ग निर्देश गर्ने,
- वैदेशिक रोजगार व्यवस्थापनका लागि कार्य पालिकाद्वारा प्रदत्त अन्य कार्यहरू गर्ने।

५. **वैदेशिक रोजगार व्यवस्थापनका लागि देहायका क्षेत्रहरूमा योजना तर्जुमा, बजेट व्यवस्थापन तथा कार्यान्वयन गरिने छ :**

५.१ **सूचना तथा परामर्श सेवा प्रवाहः** आप्रवासी स्रोत केन्द्र सञ्चालन (MRC) : मन्थली नगर पालिकाले जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालयभित्र आप्रवासी स्रोत केन्द्र स्थापना गरी जिल्लाका सबै स्थानीय तहहरूबाट वैदेशिक रोजगारका लागि (एम्.आर्.पी.) पासपोर्ट बनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्नेछ। साथै वैदेशिक रोजगारको सिलसिलामा

नेपालभित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरूलाई सहज न्याय, क्षतिपूर्ति, राहत र उद्धारका लागि सम्बन्धित निकायहरूसँग सम्पर्क र समन्वयका लागि आवश्यक सहजीकरण गर्नेछ। आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका नगर पालिकाले आवश्यकताअनुसार तयार गरी कार्यान्वयन गर्ने छ।

५.२ **रिटर्नी स्वयम् सेवक परिचालनः** नगर क्षेत्रका दूर दराजका गाउँटोल तथा बस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचारप्रसार गरी सूचना सम्प्रेषण गर्न, वैदेशिक रोजगार सम्बन्धी समस्याहरू पहिचान गरी थप विशिष्टिकृत सहयोगका लागि आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरी पठाउन, विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण गर्न, वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि सहभागी छनोट तथा समूह गठन प्रक्रियामा सहयोग गर्न, मनोसामाजिक समस्यामा रहेका व्यक्ति तथा परिवारहरूको पहिचान गरी मनोसामाजिक परामर्शकर्तालाई जानकारी गराउन र वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनमा सहयोग गर्नका लागि खाडी मुलुक वा मलेसियामा कम्तिमा २ वर्ष काम गरी फर्केका महिला तथा पुरूषहरूलाई आवश्यकता देखिएका वडाहरूमा आंशिक वा पूर्णकालीन पेड रिटर्नी स्वयम् सेवकको रूपमा परिचालन गरिने छ। वैदेशिक रोजगारमा गई फर्केका व्यक्तिहरूसँग सम्बन्धित देशको नियम कानुन, धर्म संस्कृति, संस्कार, हावापानी र कामसँग सम्बन्धित व्यवहारिक ज्ञान तथा अनुभव हुने भएकोले सम्भावित आप्रवासी कामदार तथा तिनका परिवारहरूलाई सही सूचना सम्प्रेषण गरी यस नगरको वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनमा ठूलो योगदान पुग्नेछ।

५.३ **सीप तालिम प्रदान तथा सहजीकरणः** वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारहरको पहिचान गरी वैदेशिक रोजगारमा रहँदा गर्नु पर्ने कामसँग सम्बन्धित सीप तालिम लिनका लागि नेपाल सरकार (सि.टि.इ.भि.टी.) द्वारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरूसँगको समन्वय र सहकार्यमा निःशुल्क सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरीने छ। तालिम सञ्चालन सम्बन्धी निर्देशिका आवश्यकताअनुसार नेपाल सरकार (सि.टि.इ.भि.टी.) र तालिम प्रदायक संस्थाहरूसँगको समन्वय र सहकार्यमा तयार गरी लागू गर्न सकिने छ।

५.४ **वित्तीय सक्षरता सम्बन्धी कार्यक्रमः** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन गरी स्वरोजगारका अवसरहरू सिर्जना गर्न र चक्रीय रूपमा वैदेशिक रोजगारमा गई रहनुपर्ने बाध्यताको अन्त्यका लागि वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवारका सदस्य जसले नियमित विप्रेषण प्राप्त गर्ने २० देखि २५ जनाको समूह गठन गरी वित्तीय साक्षरता

कक्षा सञ्चालन गरिने छ। वित्तीय साक्षरता कक्षाका सहभागीहरूले कक्षामा बचत गर्ने बानीको विकास, फजुल खर्चको नियन्त्रण, पारिवारिक बजेट तथा योजना तर्जुमा, व्यसायिक क्षेत्रको पहिचान र छनोट, व्यावसायिक योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गर्ने छन्। वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका नगर पालिकाले तयार गरी लागू गर्न सक्ने छ।

५.५ **विदेशबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकास कार्यक्रमः** वैदेशिक रोजगारमा गई फर्केर आएका आप्रवासी कामदारहरूका लागि उद्यम विकास सम्बन्धी योजना तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरिने छ। विदेशबाट फर्केर आएका कामदारहरूको सीप परीक्षणका साथै थप सीप विकास गरी सीपमा आधारित उद्यम विकासका योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ। योजना कार्यान्वयनमा आवश्यक सीप परीक्षण तथा थप सीप विकासका लागि नेपाल सरकारका (सि.टि.इ.भि.टी.) सम्बन्धित निकायहरू र अन्य विकास साझेदारहरूसँगको समन्वय र साझेदारितामा नगरपालिकाले वैदेशिक रोजगारबाट फर्केर आउनेहरूका लागि सीपमा आधारित उद्यम विकास तथा रोजगारका कार्यक्रमहरू सञ्चालन गरिने छ। यस सम्बन्धी कार्यक्रम कार्यान्वयन निर्देशिका आवश्यकताअनुसार नगरपालिकाले तयार गरी कार्यान्वयन गर्न सक्ने छ।

५.६ **मनोसामाजिक परामर्श सेवाः** वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवाहरूलाई वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ। मनोसामाजिक परामर्श सेवा सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी विशेषज्ञ निकायहरूसँगको समन्वय र सहकार्यमा कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ र सो सञ्चालनका लागि आवश्यक निर्देशिका सम्बन्धित विशेषज्ञहरूको सहयोगमा तयार गरी नगरपालिकाले कार्यान्वयन गर्नेछ।

५.७ **अन्तर्क्रिया तथा छलफलः** वैदेशिक रोजगार बहुसरोकारको क्षेत्र भएको कारण नगरपालिकाको एकल प्रयासले मात्र सम्भव नहुने भएकाले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमूलक बनाउन सम्बन्धित सरोकारवालाहरूसँग नियमित छलफल तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिने छ। समुदाय स्तर र जिल्ला स्तरमा आवश्यकता अनुसारका योजना तय गरी नगरपालिका र अन्य स्थानीय तह तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिने छ।

५.८ **समुदाय तथा बृहत् अभिमुखीकरण**ः नगरपालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदाय स्तरमा गठन भई क्रियाशील रहेका सामुदायिक समूहहरू पहिचान गरी समूहहरूको नियमित बैठकको समयमा रिटर्नी स्वयम् सेवकहरूको सहयोगमा सामाजिक परिचालक उपस्थित भई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। साथै वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरूलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरूको बारेमा गहन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। समुदाय अभिमुखीकरण कार्यक्रम र गहन अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाले छुट्टाछुट्टै कार्य सञ्चालन निर्देशिका तयार गरी लागू गर्नेछ।

६. **बजेट व्यवस्थापन** : सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र नगरपालिकाको अन्तरिक स्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ। यसको साथै अन्य स्थानीय तहहरू, साझेदार संस्था/नियोग तथा दातृ निकाय, प्रदेश सरकार र सङ्घीय सरकारसँगको बजेट साझेदारितामा कार्यक्रम सञ्चालनमा जोड दिइने छ।

७. **आवश्यक जनशक्ति व्यवस्थापन :**

| **पद** | **संख्या** | **तह** | **योग्यता तथा अनुभव** |
|---|---|---|---|
| कार्यक्रम संयोजक | १ | छैठौं | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक तह उत्तीर्ण गरी कम्तिमा ३ वर्ष सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा कार्य अनुभव भएको। समन्वय, सहजीकरण, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा प्रतिवेदन सम्बन्धी अनुभव भएको। |
| आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ | पाँचौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १०+२ वा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गरी सुरक्षित वैदेशिक रोजगार आप्रवासी स्रोत केन्द्रमा कम्तिमा २ वर्ष परामर्श सम्बन्धी काम गरेको। अनलाइन डाटा इन्ट्री र प्रतिवेदन सम्बन्धी ज्ञान, बहुपक्ष समन्वय र सहकार्य सम्बन्धी ज्ञान, वैदेशिक रोजगार ऐन, नियम तथा निर्देशिका र कानुन सम्बन्धी ज्ञान भएको। |
| मनोसामाजिक परामर्शकर्ता | १ | पाँचौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी २ वर्ष अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको। |
| वित्तीय साक्षरता सहजकर्ता | १ | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १०+२ वा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गरी २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको। |

| | | | |
|---|---|---|---|
| रिटर्नी स्वयम् सेवकहरू | केही | श्रेणी विहीन | कक्षा १० उत्तीर्ण गरी वैदेशिक रोजगारका लागि मलेसिया वा खाडी मुलुकमा गई कम्तिमा २ वर्ष काम गरी फर्किएको हुनु पर्नेछ। सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धी ज्ञान भएको। वैदेशिक रोजगारको अनुभव बताउन सक्ने। |

कर्मचारी तथा स्वयम्सेवक भर्ना तथा नियुक्त गर्दा मन्थली नगरपालिकाको कर्मचारी भर्ना सम्बन्धी निर्देशिक तथा लोकसेवा आयोगको मापदण्डलाई पालना गरिने छ।

७. **समन्वय तथा सहकार्य** : वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्र बहु सरोकारको विषय भएकोले अन्य स्थानीय तहहरू, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, जिल्ला प्रहरी कार्यालय, आप्रवासी हकहित संरक्षण केन्द्र, गैसस, नागरीक समाज साथै अन्य सम्बन्धित निकायहरूसँगको समन्वय तथा सहकार्यलाई जोड दिँदै सेवा प्रवाहलाई प्रभाकारी बनाइने छ।

यसको साथै प्रदेश सरकार, सङ्घीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभाग तथा बोर्डसँग सहकार्य गरिने छ। अन्य दातृ निकाय, विकास साझेदार संस्था तथा नियोगहरूसँग पनि समन्वय तथा सहकार्य गरिने छ।

८. **खारेजी र बचाउः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर प्रमुखले तत्काल वैदेशिक रोजगार व्यवस्थापन समितिको बैठक राखी बाधा अड्काउ फुकाउन सक्ने छ र यस कार्यविधिमा उल्लेख भएका कुराहरू नेपालको प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

# शववाहन सञ्चालन कार्यविधि –२०७६

**प्रस्तावनाः** मन्थली नगरपालिका र यस आसपासका स्थानमा दुर्घटना वा अन्य कारणले मृत्यु हुन पुगेका नागरिकहरूको शव सम्बन्धित (गन्तव्य) स्थानसम्म पुऱ्याउन शववाहन सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी मन्थली नगरपालिकाले शववाहन सञ्चालन कार्यविधि -२०७६ जारी गरेको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम "शववाहन सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा : (क) "शववाहन" भन्नाले शव ओसारपसार गर्न स्वीकृति प्राप्त गरेको बाहन सम्झनु पर्छ।

(ख) "शववाहन जनशक्ति" भन्नाले शववाहन सञ्चालन गर्ने चालक त्यसमा रहेको सहयोगी समेतलाई सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले शववाहन चलाउने चालक सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले मन्थली नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "सेवा शुल्क" भन्नाले शववाहन प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित शववाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले शव वाहनले दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

(ज) "मन्थली नगरवासी" भन्नाले मन्थली नगर पालिकाको क्षेत्रभित्र स्थायी वा अस्थायी बसोबास गर्ने वा मन्थली नगरभित्र स्थायी ठेगाना भई कामको सिलसिलामा नगरबाहिर गई बसोबास गर्ने नागरिकलाई सम्झनु पर्छ।

३. **शववाहन व्यवस्थापन तथा अनुगमन समिति :** (१) शववाहन सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरू रहेको एक नगर शववाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति रहने छ।

(क) कार्य पालिकाका सामाजिक विकास समितिका संयोजक — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत — सदस्य

(ग) कार्यपालिकाले तोकेको एकजना महिला सहितका दुई जना कार्यपालिका सदस्य — सदस्य

(घ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख/विपद् व्यवस्थापन शाखा

प्रमुख सदस्य-सचिव

(२) समितिको कूल सदस्य सङ्ख्यामध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्ने छ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** :(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शववाहन सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रूपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नु पर्ने आचारसंहिता लागू गराउने। यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ग) शववाहन सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाइ तथा व्यवस्थापन गर्ने।

(घ) शव वाहनको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने।

(ङ) सरोकारवाला तथा अन्य सङ्घहरू बीच आवश्यकता अनुसार शववाहन सेवा बारे समीक्षा बैठक गर्ने।

(च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखी शववाहन सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैङ्क/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ १५ गते सम्ममा नगर कार्य पालिकामा पेस गर्नु पर्नेछ।

(५) **सेवा शुल्क सम्बन्धी व्यवस्था** :(१) शववाहन सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रूपमा बुझाउनु पर्नेछ।

(२) शववाहन सेवाबापत उठेको रकम नगरपालिकाले एक अलग बैङ्क खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ।

(३) सेवाशुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाइ उपलब्ध गराउने छ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगर पालिकामा राखिने छ।

(४) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैङ्क खातामा जम्मा गर्ने

जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

(५) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ। कोषको रकम सामान्यतया चालकको तलबभत्ता, इन्धन, शव वाहनको मर्मतसम्भार र शव वाहनमा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिने छ।

(६) **चालकको नियुक्ती र सेवा सुविधा** : (१) शववाहन सञ्चालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ।

(२) चालकको सेवा सुविधा : शववाहन चालकलाई नगर क्षेत्रभित्र शव बोकेबापत प्रति किलोमिटर रू. १०/- अक्षरेपी रू. दस र नगर क्षेत्रभन्दा बाहिर जानु पर्दा नियमानुसार पाउने दैनिक भ्रमणभत्ता उपलब्ध गराइने छ।

(३) चालकको रू.२ लाख सम्मको दुर्घटना बीमा गरिने छ। बीमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिने छ।

(४) चालकले पालना गर्नु पर्ने आचारसंहिता अनुसूची (२) बमोजिम हुनेछ।

(७) **शववाहन रहने स्थान सोको मर्मतसम्भार** : (१) शववाहन मन्थली नगरपालिकाको हातामा वा नगरपालिकाले तोकेको स्थानमा रहने छ।

(२) शव वाहनको नियमित मर्मतसम्भार गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा चालकको हुनेछ।

(८) **विविध** : (१) यस कार्यविधिमा आवश्यकताअनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा नगर कार्य पालिकाले गर्न सक्नेछ।

**अनुसूची – १**

**(कार्यविधिको दफा (५) सँग सम्बन्धित सेवाशुल्क सम्बन्धी दररेट मन्थली नगरवासीका लागि)**

| क्र.सं. | देखि | सम्म | दररेट (रू.) | |
|---|---|---|---|---|
| | | | पक्की सडक | कच्ची सडक |
| १ | मन्थली | तीन किलोमिटर क्षेत्रसम्म एकमुष्ट | १०००/- | १०००/- |
| २ | मन्थली | अन्यत्र तीन किलोमिटर भन्दा टाढाको स्थान थप प्रति किलोमिटर | १००/- | १५०/- |

- दुर्घटना वा विपद् वा आत्महत्याजस्ता पोष्टमार्टम गर्नु पर्ने मन्थली नगरवासीको शवको ओसार पसारमा शुल्क लाग्ने छैन । नगरवासीभन्दा बाहिरका बासिन्दाको जुनसुकै तवरले मृत्यु भए तापनि ओसार पसारमा माथि उल्लेखित दर रेटमा सेवा शुल्क लाग्ने छ।
- दूरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ।
- शव वाहनमा लाग्ने इन्धन खर्च नगरपालिकाले नै व्यहोर्ने छ।
- बाटोमा लाग्ने करहरू प्रयोगकर्ताले नै बेर्होनु पर्नेछ।
- शव वाहनको तोकिएको सेवा शुल्क र माग फाराम शव लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ।

अनुसूची–२

(कार्य विधिको दफा–६ को उपदफा (३) सँग सम्बन्धित)

## शववाहन चालकले पालना गर्नु पर्ने आचारसंहिता

१. शववाहन सञ्चालन कार्यविधि, २०७६ लाई पूर्णतः पालना गर्नु पर्ने,

२. आफ्नो पेसागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेसाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी शववाहन चलाउनु नहुने,

४. शवको ओसारपसार गर्ने क्रममा सेवाग्राहीलाई सँधै सम्मानपूर्वक व्यवहार गरी उच्च स्तरीय सेवा प्रदान गर्नु पर्ने,

५. आफूले लिएको निर्णयहरूमा आफ्नै व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनु पर्ने,

६. आफ्नो पेसागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेसागत दक्षता आफ्नो क्षेत्रका अरूलाई पनि सिकाउनु पर्ने,

७. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरू ओसारपसार नगर्ने । प्रचलित कानुनको पालना गर्नु पर्ने ।

म.......................................(नाम).......................................
ठेगाना........................ना.प्र.प.नं.......................................जिल्ला,
ड्राइभिङ् लाइसेन्स नं. ..........................................ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । मन्थली नगरपालिकाको शववाहन चलाउँदा मैले यो आचारसंहिता पूर्ण रूपमा पालना गर्न सहमति जनाई सहीछाप गरेको छु ।

**रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :**
नामथर :
पद :
दस्तखत :
संस्थाको छाप :
मिति :

**चालकको**
नामथर :
दस्तखतः
मितिः

❋❋❋